# प्रेस विज्ञप्ति

## (मा. मन्त्रीज्यूको पदबहाली)

आज मिति २०७४/१२/२ मा माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबावु पण्डितज्यूले मन्त्रालयमा पदभार ग्रहण गर्नुभयो । उक्त अवसरमा मन्त्रालयका सचिव श्री दिनेशकुमार थपलिया तथा सचिव श्री शंकरप्रसाद कोइराला सहित मन्त्रालय अन्तर्गतका अधिकृत स्तर तथा अन्य कर्मचारीले मा. मन्त्रीज्यूको आगमन तथा अभिभावकत्व ग्रहणको अवसरमा हार्दिक स्वागत गर्दै संघीय शासन पद्धति कार्यान्वयन तथा प्रशासनिक अवस्थाको विषयमा मन्त्रालयले हालसम्म सम्पादन गरेका मुख्य मुख्य कार्यहरुको संक्षिप्त जानकारी समेत प्रस्तुत गर्नु भयो ।

उक्त अवसरमा मन्त्रालयमा आयोजित स्वागत तथा निर्देशन कार्यक्रमा मा. मन्त्रीज्यूले संघीय व्यवस्थाको जग बसाउने क्रममा गुरुत्तर दायित्व निर्वाह गर्ने अवसर आएकाले सबैले इमान्दारीपूर्वक कर्तव्य निर्वाह गर्न, कर्मचारीतन्त्रको व्यवसायिक मूल्य र मान्यता अभिवृद्धि हुने गरी नीतिगत सुधारको धार समात्न तथा जिम्मेवारीपूर्वक कार्यान्वयन पक्षमा खरो उत्रन जरुरी रहेकोमा जोड दिँदै स्थानीय सरकारको रुपमा स्थानीय तहको कार्य जिम्मेवारीलाई जनताको घरदैलो तहमा संस्थागत गर्न आवश्यक सहयोग तथा सहजिकरणमा समन्यवकारी भूमिका निर्वाह गर्न समेत निर्देशन दिनु भयो ।

सोही क्रममा मा. मन्त्रीज्यूले निर्वाचित सरकारको कार्यसूचीलाई मूर्त रुप दिन आवश्यक पर्ने सल्लाह र सुझावको अपेक्षा गर्दै परिवर्तनशील नतिजाका लागि संघीय प्रशासनको स्वरुप र ढाँचा सहित प्रदेश तथा स्थानीय तहको संस्थागत विकासमा नेपाल सरकारको प्राथमिकता रहेको औंल्याउनु भयो ।

मा.मन्त्रीज्यूको पदबहालीको क्रममा **स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७२ को नमूना** समेत स्वीकृत गर्नु भएको थियो । गाउँपालिका तथा नगरपालिकाले बनाउने स्थानीय कानून *स्थानीय राजपत्र*मा प्रकाशन गर्नुपर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रहे बमोजिम स्थानीय तहले प्रकाशन गर्ने राजपत्रमा उल्लेख हुनुपर्ने न्युनतम कुरामा एकरुपता होस भन्ने अभिप्रायले यो ढाँचा तयार गरी उपलब्ध गराईएको हो । यस ढाँचामा स्थानीय राजपत्रमा रहने भागहरु, स्थानीय राजपत्रको अभिलेख व्यवस्थापन तथा स्थानीय राजपत्रको संख्या कायम गर्ने तरिका, स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामग्रीहरु एवं वेभ साइटबाट सार्वजनिक गर्ने लगायतका बिषयवस्तुहरु समावेश गरिएको छ ।

मिति : २०७४/१२/२

(रुद्रसिंह तामाङ)

सह-सचिव

Scanned by CamScanner